रंगेली नगरपालिका मोरङ्ग द्वारा प्राकाशित

# रंगेली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड :८ संख्या : १२ मिति : २०८१/१०/१८

## भाग २

# रंगेली नगरपालिका

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ बमोजिम नगरकार्यपालिकाले बनाएको यो ऐन सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

# कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८१

नगरकार्यपालिका बाट स्वीकृत मितिः २०८१/१०/१०

# कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८१

**प्रस्तावना :** नगरपालिकाकालाई प्राप्त राजस्व अधिकारको ब्यवस्थालाई पारदर्शी, न्यायोचित, ब्यवस्थित तथा प्रभावकारी रुपमा लागु गरी नागरिकलाई सेवा प्रवाह गर्न सक्ने क्षमतामा सुधार ल्याउन बाञ्छनीय भएकोले,

नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को ब्यवस्था अनुसार नेपालको संविधानको धारा २२८ को उपन-धारा (२) बमोजिम रंगेली  नगरपालिकाकाको नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "कर तथा गैरकर राजस्व सम्बन्धी ऐन २०८१" रहेको छ ।

२. यो ऐन नगरपालिकाका क्षेत्रभर लागू हुनेछ र यस ऐन वमोजिमको कर वा राजस्व वुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे वसेको भए पनि निजको हकमा समेत लागू हुनेछ ।

३.यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "संविधान" भन्नाले नेपालको संविधान लाई जनाउँछ, ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई जनाउँछ ।

(गा) "सभा" भन्नाले रंगेली  नगरपालिकाकाको नगरसभालाई जनाउँछ ।

(घ) "तोकिए वा तोकिए वमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, बिनियम वा कार्यविधीले तोकिए वर्मोजिमलाई जनाउँछ ।

(ङ) "बडा कार्यालय" भन्नाले बडा समितिको कार्यालयलाई जनाउछ ।

(च) "स्थानीय तह" भन्नाले रंगेली  नगरपालिकाकालाई जनाउछ, ।

(छ) "कर" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन अनुसार लागेको बा लाग्ने कर सम्झनु पर्छ र यो शब्दले सो करको अतिरिक्त यस ऐन तथा अन्य प्रचलित कानून वमोजिम सोमा लाग्ने जरिबाना समेतलाई जनाउँछ ।

(ज) "गैर कर" भन्नाले नगरपालिकाकाले आन्तरिक रुपमा आय संकलन गर्ने कर वाहेकका अन्य सबै किसिमका आयका स्रोतहरुलाई जनाउँछ र यो शब्दले सोमा लाग्ने जरिवाना समेतलाई जनाउँछ ।

(झ) "कर निर्धारण" भन्नाले यस ऐन र अन्य प्रर्चालत कानून वर्मोजिम कर तिर्नुपर्ने दायित्व भएको व्यक्तिको कर दायित्व निश्चित गर्ने कार्य सम्झनप्र्छ र सो शब्दले पुनःकर निर्धारण तथा संशोधित कर निर्धारण समेतलाई जनाउँछ ।

(ञ) "करदाता" भन्नाले कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ।

(ट) "कर अधिकृत" भन्नाले नगरपालिकाकाको राजस्व शाखा प्रमुखलाई सम्झनप्र्छ र सो शब्दले राजस्व शाखा प्रमुखद्वारा प्रत्यायीजित अधिकार प्रयोग गर्ने नगरपालिकाकाको अधिकृत स्तरका अन्य कर्मचारीहरुलाई समेत जनाउँछ ।

## परिच्छेद - २

## राजस्व सम्बन्धी सामान्य सिद्धान्त, क्षेत्र र आधार

३. कर तथा गैरकर राजस्व सम्बन्धी सामान्य सिद्धान्त : (१)कर राजस्व लगाउँदा देहायका सिद्धान्तलाई आधार लिई लगाईनेछ :-

(क) कर तिर्न सक्ने श्रमता,

(ख) समानता र न्यायमा आधारित,

(ग) सरलता, पारदर्शीता र मितव्ययीता,

(घ) नागरिक सुविधा,

(ङ) कर तिर्ने स्वपररणा,

(च) कराधार, करको दर र तिर्ने अवधीको निश्चितता,

(छ)पश्चातदर्शी असर नपर्ने ।

(२) गैरकर राजस्व लगाउँदा र उठाउँदा उपलव्ध गराइने सेवा, सहुलियत र सुविधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी लगाइने र उठाइनेछ ।

४. राजस्वका क्षेत्र र आधार : (१) नगरपालिकाकाको कर तथा गैर करको क्षेत्र तथा आधार परिच्छेद ४ वमोजिमको कर, परिच्छेद १ वमोजिमको सेवा शुल्क, दस्तुरका तथा परिच्छेद ६ वर्मोजिमको छुट, जरिवाना, व्याज (हर्जाना) हुनेछ ।

(२) उपदफा (१) मा उल्लेखित क्षेत्र र आधार वाहेक नगरपालिकाकालाई प्रचलित कानून वमोजिम अन्य कर तथा गैर कर राजस्व अधिकार थप भएको अवस्थामा त्यस्तो राजस्व नगरपालिकाकाको आर्थिक ऐनले तोकेको आधारमा असूल गरिनेछ । परिच्छेद - २

राजस्व प्रशासन सम्बन्धी व्यवस्था

५. राजस्व प्रशासन : (१) नेपालको संविधानको व्यवस्था अनुरुप आफ्नो अधिकार क्षेत्रको कर तथा गैर करको प्रशार्सानक कार्य नगरपालिकाकाले गर्नेछ ।

(२) उपदफा (१) वमोजिमको राजस्व प्रशासन व्यवसायिक, दुरुस्त र प्रभावकारी वनाउन आवश्यकता अनुसार राजस्व शाखा तथा आवश्यकता अनुसार राजस्व संकलन एकाईहरु रहनेछन्।

६. कर्मचारी सम्बन्धी व्यवस्थाः (१) राजस्व शाखामा रहने कर्मचारीको तह र दरवन्दी नगर सभाले स्वीकृत गरेको संगठन तथा व्यवस्थापन सर्भेक्षणले गरे वमोजिम हुनेछ ।

(२) राजस्व शाखाले स्वीकृत दरबन्दीका आधारमा बडा कार्यालयहरुमा राजस्व सम्बन्धी काम गर्ने गरी तोकिएका कर्मचारीहरु तथा राजस्व संकलन स्थानमा तोकिएका कर्मचारीहरुलाई काममा लगाउन सकिनेछ ।

७. राजस्व शाखाको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त राजस्व शाखाको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) करदाता दर्ता गर्ने,

(ख) करदातावाट विवरण प्राप्त गर्ने,

(गा) करपरिश्षाण तथा अनुसन्धान गर्ने,

(घ) कर तथा गैरकर राजस्व संकलन गर्ने,

(ङ) कर तथा गेरकर राजस्व चुहावट रोक्न आवश्यक काम गर्ने,

(च) करदातामैत्री वातावरण वनाउन उपयुक्त र आवश्यक काम गर्ने,

(छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने,

(ज) कर सम्वन्धी कानून र कर प्रशासन सुधारका उपायहरु बारे कार्यपालिकालाई सुझाव दिने,

(झ) राजस्व प्रक्षेपणका लागि सूचना उपलब्ध गराउने,

(ञ) करदाताका खातापाता र हरहिसाव दुरुस्त राख्न लगाउने,

(ट) राजस्व सम्वन्धी विवरण तथा अभिलेखहरु सुरक्षित र व्यवस्थित रुपमा राख्ने,

(छ) राजस्व सुधार योजना तर्जुमा र कार्यान्वयन सम्वन्धी कार्य गर्ने,

(ड) राजस्व सम्बन्धी अन्य काम गर्ने ।

८. अधिकार प्रत्यायोजन : (१) राजस्व शाखा प्रमुखले यस ऐन वमोजिम आफूमा रहेको कर तथा रीरकर राजस्व उठाउने अधिकार आफू मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) राजस्व शाखा प्रमुखले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतवाट कुनै खास निर्देशन भएकोमा सोही वमोजिम गर्नु पर्नेछ ।

९. प्रत्यायोजित अधिकार र जिम्मेवारी : (१) यस ऐन वर्मोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ ।

(२)प्रत्यायीजित अधिकार प्रयोग गर्ने कर्मचारीले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने अधिकारीप्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद - ३

## कर राजस्व सम्बन्धी व्यबस्था

१०. सम्पत्ति कर : (१) नगरपालिकाकाले आफ्नो क्षेत्रभित्रको घर र जग्गामा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा सम्पत्ति कर लगाउनेछ ।

(२) उपदफा (१) वमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई वाँकी जग्गा र घर नभएका अन्य जग्गामा दफा ११ वमोजिम भूमीकर (मालपोत) लगाउनेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल वरावरको थप जग्गासम्म सम्झनुपर्छ ।

(३) उपदफा : (१) को प्रयोजनका लागि घर र जग्गाको मूल्यांकन गर्दा देहायका आधारमा गरिनेछ :

(क) घर र जग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,

(ख) घर र जग्गाको चलनचल्तीको मूल्य र घरको ह्रास मूल्य,

(ग) घर र जग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था ।

(४) उपदफा (१) वर्मोजिम लगाइने सम्पत्ति करको दर निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिकस्तर र कर तिर्न सक्ने क्षमताका आधारमा गर्नुपर्नेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको घर र जग्गामा सम्पत्ति कर लाग्नेछैन :

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा,

(ख) सरकारी अस्पतालको घर र जग्गा,

(ग) गुठीको स्वामित्वमा भएको घर र जग्गा,

(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शित्राण संस्था, कम्पनी, सर्मित, प्राधिकरण, वोर्ड र सरकारी संस्थानको घर र जग्गा,

(ङ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ, संस्थाको घर र जग्गा,

(च) धार्मिक संस्था :मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र जग्गा,

(छ) खानेपानी संकलन पोखरी, विद्युतगृह, मसानघाट, कत्रिस्तान, कर्वला, मजार, विमानस्थल, वसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु,

(ज) राजदूतावास, वाणिज्य नियोग, कुटनेतिक नियोगका घर र जग्गा ।

(६) नगरपालिकाकाले आफ्नो क्षेत्रभित्रको घर जग्गाको अभिलेख प्रत्येक वर्ष दुरुस्त मिलाई राख्नु पर्नेछ ।

(७) सम्पत्तिको मूल्याङ्न सिफारिशकालागि नगरपालिकाकाले दक्ष वा विशेषज्ञ सहित वढीमा पाँच सदस्य रहेको सम्पत्ति कर मूल्याङ्कन सर्मित गठन गर्ने सक्नेछ र यस्तो सर्मित गठन नभएको अवस्थामा राजश्व परामर्श समितिले नै मूल्यांकन समितिको कार्य गर्नेछ ।

(८) उपदफा (७) वमोजम गठित समितिको कार्यावधि तीन वर्षको हुनेछ र समितिले प्रत्येक वर्षमा घर जग्गा मूल्यांकका आधार र दररेटको सुझाव नगरपालिकाकामा सिफारिश गर्नेछ ।

(९) सम्पत्तिको मुल्याङ्कन तथा ह्रासकट्टीको दर आर्थिक ऐनले व्यवस्था गरे वमोजिम हुनेछ ।

(१०) सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछ :

(क) आर्थिक वर्षको पहिलो दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहेको छ सो सम्पत्ति सोही व्यक्तिको नाममा ।

(ख) कनै सम्पत्ति एकभन्दा वढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व स्पष्ट भएकोमा सोही अनुसार र नभएमा संयुक्त स्वामित्वलाई एउटा व्यक्ति ।

(११) सम्पत्ति करको प्रयोजनकोलागि घर भएको कित्तामा जोडिएका सोही व्यक्तिको नाउँमा रहेका अन्य सत्तै कित्ताहरुलाई एउटै कित्ता मानी घरले चर्चेको जग्गाको क्षेत्रफल निर्धारण गरिने छ ।

(१२) करदाताले यस दफा वर्मोजिमको सम्पत्ति कर वार्षिक रुपमा तर्नु पर्नेछ ।

(१३) सम्पत्तिको पहिचान, विवरण संकलन, अभिलेख प्रणाली, सम्पत्ति मूल्यांकन, कर असुली तथा कर सहालियत र जरीवाना सम्वन्धी व्यवस्थाका लागि आवश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

११. भूमिकर (मालपोत) : (१) नगरपालिकाकाले आफनो श्रेत्रभित्र यस ऐन वर्मोजिम सम्पत्ति कर लाग्ने घर र जग्गा वाहेकको अन्य जग्गामा मूल्यांकनको आधारमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा भूमिकर (मालपोत) लगाउने र उठाउनेछ ।

(२) उपदफा : (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार, गुठीको स्वामित्वमा रहेको जग्गा र कूटनीतिक नियोगको नाममा रहेको जग्गामा भूमिकर (मालपोत) लाग्ने छैन ।

(३) नगरपालिकाकाले यस दफा वमोजिमको मालपोत र दफा १० वमोजिमको सम्पत्ति कर एकै पटक उठाउने छ ।

(४) उपदफा (१) अनुसार दोहोरी कर नलाग्ने व्यवस्थाकोलागि नगरपालिकाकाले घर भएको जग्गाको भूमिकर (मालपोत) असुलउपर गरेपछि मात्र सम्पत्ति कर असुल गर्नेछ । यसरी सम्पत्ति कर असुल गर्दा घरले चर्चेको जति जग्गामा तिरेको भूमिकर (मालपोत) कट्टा गरी बाँकी रकम सम्पत्ति करको रुपमा असुल गर्नु पर्दछ ।

(५) करदाताले यस दफा वर्मोजिमको भूमिकर (मालपोत) वार्षिक रुपमा तर्नु पर्नेछ ।

**१२. व्यवसाय कर :** (१) नगरपालिकाका क्षेत्रभित्र व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थाले नगरपालिकाकामा व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्राप्त गर्नुपर्नेछ ।

तर, यो ऐन प्रारम्भ हुनुअगावै नगरपालिकाकामा दर्ता नगरी संचालन भईरहेका व्यवसाय यो ऐन जारी भएको मितिले छ महिनाभित्र यस ऐन वमोजिम नगरपालिकाकामा दर्ता गराउनु पर्नेछ ।

(२) उपदफा १) वमोजिम इजाजत प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नविकरण गराउनु पर्नेछ ।

(३) नगरपालिकाकाले आफ्नो क्षेत्रभित्रको व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा वर्गीकरण गरी व्यवसाय दर्ता र नवीकरणमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा व्यवसाय कर लगाउने र उठाउनेछ ।

(४) यस दफा वमोजिमको व्यवसाय कर बार्षिक रुपमा वृझाउनु पर्नेछ ।

(५) करदाताले व्यवसाय सञ्चालन गर्दा निवेदन साथ पेश गरेका विवरणमा हेरफेर परिबर्तन वा नामसारी गर्नुपर्ने भएमा त्यसको कारण परेको मितिले साठी दिनभित्र राजस्व शाखामा जानकारी दिनु पर्नेछ ।

(६) एक पटक व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय सञ्चालनमा रहेको मानी कर असुल गरिनेछ ।

(७) कुनै करदाताले व्यवसाय वन्द गर्न चाहेमा यस ऐन वर्मोजिम लाग्ने कर चूषाई व्यवसाय दर्ता खारेज गर्न निवेदन दिन सक्नेछ, ।

(८) व्यवसाय दर्ता, खारेजी, नवीकरण प्रकृया तथा व्यवसाय वर्गीकरण एवम्कर असुली, कर सहालियत तथा जरिवाना सम्वन्धी व्यवस्थाका लागि आवश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

१३. घरजग्गा बहाल कर : (१) नगरपालिकाकाले आफनो क्षेत्रभित्र कुनै व्यक्तिले आफनो स्वामित्वमा रहेको घर, घरको छत, पसल, ग्यारेज, गोदाम, टहरा, सेड ('छप्पर), कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा वार्षिक वहाल रकममा घरजग्गा वहाल कर लगाउने र असूल उपर गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्वामित्व कायम नभएको ऐलानी वा पर्ती वा सार्वजनिक जग्गामा वसोवास गर्ने व्यक्तिले आफनो घर जग्गा अन्य व्यक्ति वा संस्थालाई बहालमा दिएको वा कुनै जग्गा लिजमा लिई घर बहालमा दिएकोमा समेत नगरपालिकाकाले यस ऐन वमोजिम घरजग्गा वहाल कर लगाउनेछ ।

(३) उपदफा (२) वमोजिम वहाल कर तिरेको आधारमा मात्र ऐलानी वा पर्ति वा सार्वजनिक जग्गामा वसोवास गर्ने वा त्यस्तो जग्गाको उपयोग गर्ने व्यक्तिको स्वामित्व कायम भएको मानिने छैन र त्यस्तो जग्गा नेपाल सरकार वा अन्य सरकारी निकायबाट प्रर्चालत कानून वमोजिम खाली

गर्ने वा संरचना हटाउने कार्यलाई यस ऐन वमोजिम बहाल कर तिरेको कारणले मात्र कुनै किसिमले वाधा पारेको मानिनेछैन ।

(४) उपदफा (१) र (२) वमोजम लगाइने घरजग्गा वहाल करको दर सभाद्वारा स्वीकृत आर्थिक ऐनमा तोकिए वमोजिम हुनेछ ।

(५) घरजग्गा वहाल करको प्रयोजनको लागि नगरपालिकाकाले आफ्नो क्षेत्रभित्रको घरजग्गाको व्यापारिक महत्व र उपलब्ध शहरी सेवा सुविधा समेत विचार गरी घर तथा जग्गाको आकार प्रकार र बनोट समेतका आधारमा वर्गीकरण गरी हालको न्यूनतम दर निर्धारण गर्न सक्नेछ ।

(६) यस दफा वमोजिम दाखिला गर्नुपर्ने घरजग्गा वहाल कर वार्षिक रुपमा बुझाउनु पर्नेछ ।

(७) यस दफा वमोजिमको कर लगाउने प्रयोजनका लागि करदाता पहिचान र दर्ता, बिवरण दाखिला, कर निर्धारण, कर दाखिला, असुली प्रकृया, करमा सहुलियत तथा जरिवाना आदिका लागि आवश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

**१४. जडिबुटी, कवाडी र जीवजन्तु करः** (१) नगरपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेवापत सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असुल उपर गरिनेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि कारोबार भन्नाले बिक्रेताले जारी गरेको विल वा बीजक वा लेनदेन भएको जानिन प्रमाणलाई सम्झनु पर्दछ र नगरपालिकाकाले कर लगाउँदा कारीवार भएको बस्तुको परिमाणको आधारमा कर लगाउने छ ।

(२) उपदफा (१) वर्मोजमका वस्तृको व्यवसायिक कारोबार गर्ने व्यक्ती वा संस्थालाई नगरपालिकाकाले व्यवसाय इजाजत दिदा कर वुझाउने शर्त र बिधि समेत तोकी इजाजत दिनेछ ।

**१५. सवारी साधन कर** :(१) नगरपालिकाकाले कर लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, अनुर्मात, नवीकरण तथा नियमनका लागि कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(२) यस दफा वमोजिम लगाइएको सवारी कर वार्षिक रुपमा वुझाउनु पर्नेछ ।

**१६.विज्ञापन करः** (१) नगरपालिकाका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका तर्फवाट राखेका विज्ञापनमा यस ऐन वमोजिमको कर लाग्ने छैन ।

(२) नगर क्षेत्रभित्र यस दफा वमोजिमको विज्ञापन सामग्री राख्न चाहने व्यक्ति वा संस्थाले नगरपालिकाकावाट अनुर्मात लिनु पर्नेछ र विज्ञापन कर निजवाट असुल गरिनेछ ।

(३) उपदफा (२) वमोजिम अनुर्मात पत्र दिँदा सर्वसाधारण जनताको हित सम्वन्धी अन्य कुराका अतिरिक्त बिज्ञापन राख्न पाउने अवधि, नवीकरणा गर्नुपर्ने समय, नबीकरण नगरेमा लाग्ने शुल्क, सौन्दर्य विगार्न नहुने कुरा, सामग्रीको भाषिक शुद्धता र शालीनता जस्ता शर्त किटान गरिएको हुनु पर्नेछ ।

(४) कुनै कम्पनी, फर्म, एजेन्सी, संघसंस्था वा व्यक्ति अरु कसैले प्रायोजन गरेको सूचनापाटी (होडिंग वोर्ड) राखेमा यस दफा वमोजिमको विज्ञापन कर सम्बन्धित प्रायोजकवाट असूल गरी राजस्व शाखाले तोकेको बैंक खातामा दाखिला गर्नुपर्नेछ ।

(५) व्यापारिक वा व्यवसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको कर छुट वा मिनाहा हुन सक्ने छैन ।

(६) यस दफा वमोजिम नगरपालिकाकाले उठाएको विज्ञापन कर वापतको रकम स्थानीय विभाज्य कोषमा जम्मा गरी प्रचालित संघीय र प्रदेश कानून वमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँट गरिनेछ ।

(७) यस दफा वमोजिमको कर उठाउन आवश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

## परिच्छेद -४

## गैरकर राजस्व

**१७. सेवा शुल्क तथा दस्तुर** : (१) नगरपालिकाकाले आफनो क्षेत्रभित्र सञ्चालनमा रहेका केवल कार, मनोरञ्जन तथा साहसिक खेलकूद सम्वन्धी सेवा वा व्यवसायमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा सेवा शुल्क लगाइ असूल उपर गर्नेछ ।

(२) उपदफा (१) वमोजिमको सेवा शुल्क सेवा संचालकले वार्षिक रुपमा दाखिला गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सेवा शुल्क लागु भएका व्यवसायले आर्थिक ऐन वमोजिम लाग्ने व्यवसाय कर समेत एकै पटक संकलन गर्न सकिने छ, ।

(४) नगरपालिकाकाले निर्माण बा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे वापत सम्बन्धित सेवाग्राहीलाई सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ :

(क) खानेपानी, विजुली, एम्बुलेन्स, सतरबहान र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, अतिथि गृह, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, बस पार्क, छात्रावास, हाटबजार, पशु वधशाला, शवदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

(घ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्वन्धी सेवा,

(ङ) नगरपालिकाकाले प्रदान गर्ने न्यायिक सेवा, सिफारिश, प्रमाणित, इजाजत सम्बन्धी सेवा,

(५) नगरपालिकाकाले सहकारी संस्था, एफ.एम. रेडियो, स्थानीय पत्र पत्रिका, "घ" वर्गको निर्माण व्यवसायी इजाजत, सहकारी दर्ताअनुर्मात, कृषक समूह दर्ता अनुर्मात, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल, स्थानीय व्यापारिक फर्मको दर्ता अनुर्मात, घरेलु तथा साना उद्योगहरुको दर्ता अनुर्मात, टावर राख्र अनुर्मात, आदि सेवामा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा सेवा शुल्क दस्तुर लगाउने र उठाउनेछ ।

**१८.पर्यटन शुल्क** : (१) नगरपालिकाकाले आफैले निर्माण, सञ्चालन र व्यवस्थापन गरेको पर्यटकीय स्थल वा अन्य कुनै निकाय वा संस्थाद्वारा व्यवस्थापन गरिएका पर्यटकीय स्थल वा पर्यटकीय कृयाकलापमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा पर्यटन शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा : (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर क्षेत्रभित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाइने छैन ।

**१९. सवारी साधन पार्किंग शुल्कः** (१) नगरपालिकाकाले आफनो क्षेत्रभित्र तोकेको पार्किङ्ग स्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत पार्किङ्ग गर्ने समयको आधारमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

तर, राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार न्षेत्रभित्र यस दफा वमोजिम

सबारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(२) नगरपालिकाकाले उपदफा : (१) वमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ ।

(३) नगरपालिकाकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा वाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा गर्नेछ ।

**२०.विक्री तथा शुल्क** : (१) नगरपालिकाकाले आफनो क्षेत्रभित्रको खोलानाला चा अन्य सार्वजनिक स्थलवाट वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको

परिमाणमा उत्पादन हुने स्लेट, ढुंगा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुहरु प्रदेश आर्थिक ऐनले तोकेको दरमा विक्री गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिमका वस्तुहरु विक्रीकोलागि बिक्री परिमाण तथा न्यूनतम दर निर्धारण गरी बोलपत्र, दरभाउ पत्र बा डाँक वढावढ माध्यमबाट सो नभएमा घाटगद्धि गरी तोकिएको दरमा आफैले विक्री गर्न सक्नेछ ।

(३) नगरपालिकाकाले आफनो क्षेत्रभित्र प्रचालत कानून वमोजिम स्वीकृति लिई निजी स्वामित्वको जग्गामा संचालित खानीवाट वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परिक्षणाले तोकेको परिमाणमा गरिने स्लेट, ढुंगा, गिट्टी, वालुवा तथा माटोजन्य बस्तुको उत्खनन, संकलन वा विक्रीमा प्रदेश आर्थिक ऐनले तोकेको दरमा संकलन शुल्क लगाउनेछ ।

(४) नगरपालिकाकाले आफ्नो श्रेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर वहत्तर आदिको विक्री गर्न सक्नेछ ।

(५) नगरपालिकाकाले आफनो स्वामित्वमा रहेका प्रयोगमा नआउने पुराना र कामनलाग्ने वस्तु, उपकरण तथा सामानहरु कार्यपालिकाको निर्णय वमोजिम लिलाम विक्री गर्न सक्नेछ ।

(५) नगरपालिकाकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम, पुस्तक, घर नम्बर प्लेट, नक्शा वा अन्य सेवाहरु सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा बिक्री गर्न सक्नेछ ।

(६) यस दफा वमोजिम बिक्री तथा संकलन शुल्क बापत प्राप्त रकम नगरपालिकाकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

**२१.बहालविटौरी शुल्क** : (१) नगरपालिकाकाले आफनो स्वामित्वमा रहेको वा आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको पोखरी, हाटवजार, प्रदर्शनीस्थल बा मैला बा जात्रामा अस्थायी अनुर्मात दिएका घर पसल तथा सार्वर्जानक, पर्ति वा ऐलानी जग्गामा वनेका संरचनाको उपयोग वापत सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा वहालविटीरी शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम वहाल विटौरीमा दिँदा अवधी तोकी शर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

(३) यस दफा वर्मोजिम नगरपालिकाकालाई बहाल विटौरी शुल्क वुझाएकै आधारमा मात्र त्यस्तो घर जग्गा बा सम्पत्ति उपर सोको उपयोग गर्ने व्यक्तिको कुनै किसिमले स्वामित्व कायम भएको मानिनेछैन र नगरपालिकाका वा प्रचलित कानून वमोजिम अधिकार प्राप्त निकायले त्यस्तो घर जग्गा वा सम्पत्ति जुनसुकै वखत खाली गर्न यस व्यवस्थाले वाधा पुर्याएको मानिनेछैन ।

**२२. सम्पत्ति भाडा/वहाल** : (१) नगरपालिकाकाको आफनो स्वामित्वमा रहेको भवन, सभागृह, जग्गा, मेसिनरी साधन, उपकरण आदिमा आर्थिक ऐनले तोकेको भन्दा कम नहुने गरी भाडा वा वाहालमा दिई आय आर्जन गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम ६ महिना भन्दा वढी अवधिकोलागि भाडा वा बहालमा दिँदा प्रतिश्प्रधात्मक पदि्त अपनाई भाडा वा बहालमा दिनु पर्नेछ ।

२३. सामुदायिक वनबाट आय प्राप्त गर्ने : (१) नगरपालिकाका भ्रेत्रभित्रका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार उपयोग तथा विक्री सम्बन्धी आफनो वार्षिक कार्ययोजना वनाई नगरपालिकाकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम वन पैदावारको विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सामुदायिक वनले नगरपालिकाकाको सञ्चित कोषमा जम्मा गनुपर्नेछ ।

परिच्छेद - ६

छुट, जरिवाना र व्याज (हर्जाना) सम्बन्धी व्यबस्था

**२४. छुट वा सहुलियत** : (१) नगरपालिकाकाले प्रार्कृतक विपद्, महामारी वा यस्तै विशेष अवस्थामा यस ऐन वमोजिम लागेको कर राजस्वका आधार र कारण खुलाई आर्थिक ऐनमा व्यवस्था गरी आंशिक वा पूर्ण रूपमा छुट दिन वा अन्य किसिमका सहुलियत दिन सक्नेछ ।

(२) उपदफा (१) वमोजमको छुट वा मिनाहा दिँदासवै करदातालाई समान व्यवहार गरिनेछ ।

(३) वार्षिक रुपमा वुझाउनु पर्ने कर, गैर कर तथा ठेक्का रकम अग्रीम रुपमा बा पहिलो चौमासिक भित्र वुझाएमा लाग्ने रकममा दिईने छुटको दर आर्थिक ऐन तोके वमोजिम हुनेछ ।

(४) महिला, अशक्त तथा अतिविपन्न वर्गलाई प्रोत्साहन गर्न तथा नगरको व्यवस्थित विकासमा प्रोत्साहन हुने गरी निर्माण कार्य गराउन कर तथा गैर करमा आर्थिक ऐनले तोके वमोजिमको दरमा छुट दिन सकिनेछ, ।

**२५. मिनाहा** : (१) नगरपालिकाकाले प्राकृतिक विपद्, महामारी वा यस्तै विशेष अवस्थामा यस ऐन वमोजिम लाग्ने वा लागेको गैरकर राजस्वमा आधार र कारण खुलाई कार्यपालिकाको निर्णयको आधारमा आंशिक वा पूर्ण रूपमा मिनाहा गर्न सक्नेछ ।

(२) उपदफा (१) कमोजिमको मिनाहा दिँदा समान अवस्थाका सबै करदातालाई समान व्यवहार गरिनेछ ।

(३) उपदफा (१) वमोजिम गैरकर राजस्व मिनाहा दिएको विवरण सभाको वैठक चलेको समयमा सभामा र सभाको वैठक नचलेको समयमा त्यसपछि वस्ने सभाको पहिलो बेठकमा पेश गर्नुपर्नेछ ।

**२६.जरिवाना लाग्ने :** (१) नगरपालिकाकाको स्वीकृत वेगर शहरी सुव्यवस्थामा प्रतिकूल असर पर्ने गरी कानून विर्पारत सडकपेटी अतिक्रमण गर्ने, आवागमनमा अवरोध गर्ने, निर्माण सामग्री सडक वा सार्वजनिक स्थलमा जथाभावी थुपार्ने, वायु तथा ध्वनी प्रदूषण गर्ने, जथाभावी फोहोरमैला निष्काशन गर्ने, निषेधित क्षेत्रमा सवारी पार्किङ्ग तथा पसल व्यवसाय गर्ने व्यक्तिलाई सभाद्वारा स्वीकृत आर्थिक ऐनमा तोकिए वमोजिम जरिबाना लगाई असुल उपर गरिनेछ ।

(२) नगरपालिकाकाको इजाजत वा स्वीर्कृति लिई गर्नुपर्ने कार्यहरु जस्तो भवन निर्माण, जग्गा प्लटिङ्ग, प्राकृतिक स्रोत साधन उत्खनन कनै व्यक्ति वा संस्थाले स्वीकृत नलिई गरेको पाईएमा सभाद्वारा स्वीकृत आर्थिक ऐनमा तोकिए वमोजिमको जरिवाना लगाई असुल उपर गरिने छ ।

**२७.ब्याज (हर्जाना) लाग्ने :** कुनै करदाताले यस ऐन वमोजिम लाग्ने कर, दस्तुर, सेवाशुल्क समयमा दाखिला नगरेमा अन्यत्र व्याज (हर्जाना) तोकिएकोमा सोही वमोजिम र नतोकिएको हकमा तिर्नु वुझाउनु पर्ने रकमको वार्षिक वार्षिक दश प्रतिशतका दरले व्याज (हर्जाना) लाग्नेछ ।

**२८. समयमा विवरण दाखिदा नगरेमा जरिवाना लाग्ने :** यस ऐन तथा अन्य प्रचलित कानून वमोजिम विवरण दाखिला गर्नुपर्ने वा नविकरण गराउने दायित्व भएको व्यक्ति वा संघसंस्थालाई रु दुई सय जरिवाना असुल उपर गरी विवरण दर्ता नविकरण गरिनेछ ।

**२९. झुट्टा विवरण दिएमा जरिवाना लाग्ने :** यस ऐन तथा प्रर्चालत कानून वमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले कर छल्ने नियत लिई झुट्टा वा अधुरो विवरण दाखिला गरेमा नियमानुसार लाग्ने करको आधा रकम जरिवाना सहित लाग्ने कर निजवाट असुल गरिनेछ ।

**३०.व्याज (हर्जाना) नलाग्ने :** यस ऐन वमोजिम लाग्ने शुल्क, व्याज (हर्जाना) र जरिवानामा पूनः व्याज (हर्जाना) लाग्ने छैन ।

## परिच्छेद - ७

## करदाता दर्ता सम्वन्धी व्यवस्था

**३१. करदाताको पहिचान तथा दर्ता :** (१) राजस्व शाखाले यस ऐन वमोजिम कर तिर्नुपर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ ।

(२) राजस्व शाखाले यस ऐन वमोजिम कर तिर्नुपर्ने दायित्व भएका करदाताको बिवरण खुलाई करदाता दर्ता गरी प्रत्येक करदातालाई निश्चित पहिचान नम्वर प्रदान गरी व्यक्तिगत अभिलेखमा दर्ता गरी राख्नु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम करदाताको पहिचान नम्वर प्रदान गर्दा करदाताले नगरपालिकाकालाई प्रचालित कानून वमोजिम तिर्नु वुझाउनु पर्ने सबै करको लागि एउटै करदाता पहिचान नम्वर कायम गर्ने व्यवस्था मिलाउन सकिनेछ ।

**३२. करदाताको दायित्व** : यस ऐन बमोजिम कर तिनुपर्ने कर्तब्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछ :

(क) आफूलाई करदाताको रुपमा दर्ता गराउने,

(ख) निर्धारित समयमा विबरण पेश गर्ने,

(ग) निर्धारित समयमा कर दाखिला गर्ने,

(घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा व्याज बुझाउनु पर्ने भए समयमा बुझाउने,

(ङ) हिसाव किताव, अभिलेख दुरुस्त राख्ने,

(च) कर अधिकृतले मागेको सूचना तथ्यांक समयमा उपलब्ध गराउने,

(छ) कर संकलन कार्यमा नगरलाई आवश्यक सहयोग गर्ने ।

**३३. करदाताको अधिकारः** (१) यस ऐन बमोजिम कर तिर्नुपर्ने कर्तब्य भएका करदातालाई देहाय बमोजिमको अधिकार हुनेछ :

(क) सम्मानपूर्वक व्यवहारको अधिकार,

(ख) कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार,

(ग) कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,

(घ) प्रतिरक्षाको लागि कानुन व्यवसायी वा लेखापरिक्षक नियुक्त गर्ने अधिकार,

(ङ) यस ऐनमा उल्लेख भए बाहेक कर सम्बन्धी सूचना, तथ्यांक र विबरणको गोपनियता हुने अधिकार ।

**३४. करदाताको प्रतिनिधित्व** : (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरिक्षक वा निजले लिखित रुपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेशले गर्न सक्नेछ ।

स्पस्टीकरण - यस दकाको प्रयोजनको लागि उमेर पुगेको भन्नाले अठार वर्ष उमेर फुपेको व्यक्ति सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्नसक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारबाही करदाता स्वयमले गरेको मानिनेछ ।

परिच्छेद - ८

विवरण दाखिला सम्बन्धी व्यबस्था

**३५. विवरण दाखिला गर्न आदेश दिन सक्नेः** (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले कर विबरण नबुझाएमा वा विबरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विबरण दाखिला गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले तीस दिनभित्र राजस्व शाखामा विवरण दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार कारण खोली समयावधी थपको लागि निवेदन दिएमा प्रमुख प्रशासकीय अधिकृतले औचित्य हेरी तीस दिनसम्मको समयावधि थप दिन सक्नेछ ।

**३६. विवरण सच्याउन सकिने :** (१) यस परिच्छेद बमोजिमको विवरण दाखिला भैसकेपछि कुनै तथ्य सम्बन्धी गणितीय भूल भएको भन्ने लागेमा करदाताले सो सम्बन्धी तथ्य वा प्रमाण संलग्न गरी पहिलो बिवरण दाखिला गरेको तीन महिनाभित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निबेदन उपर प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गर्न लगाई व्यहोरा मनासिव ठहर गरेको अवस्थामा तीस दिनभित्र विवरण सच्याउने स्वीकृती दिन सक्नेछ ।

परिच्छेद - ९

कर निर्धारण

**३७. कर निर्धारणः** (१) करदाताले पेश गरेको विवरण र आर्थिक ऐनले गरेको व्यवस्था वमोजिक कर अधिकृतले प्रत्येक करदाताले तिनुपर्ने करको निर्धारण गर्नु पर्दछ ।

(२) यस ऐन वमोजिम करदाताले विबरण पेश नगरेको अवस्थामा कर अधिकृतले अनुमानका आधारमा कर निर्धारण गरी करदातालाई जानकारी दिन सक्नेछ ।

(३) करदाता तथा करको आधारको अभिलेख राख्ने तथा कर निर्धारणकोलागि नरपालिकाले कम्प्युटर सफ्टवयर प्रणालीलाई प्रयोगमा ल्याउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको कार्यकोलागि सम्भव भएसम्म नेपाल सरकार वा प्रदेश सरकारले विकास गरेको वा स्वीकृत गरेको सफ्टवयरलाई प्रयोगमा ल्याउनु पर्दछ ।

**३८. कर निर्धारणको सूचनाः** (१) यस ऐन वमोजिम कर निर्धारण भएको सूचना प्रत्येक आर्थिक बर्षको पहिलो चौमासिक भित्र सम्वन्धित करदाताहरुलाई दिनु पर्दछ र यस्तो सूचना विजक जारी गरी वा पत्र मार्फत वा इमेल वा एसएमएसवाट दिन सकिनेछ ।

परिच्छेद - १०

कर सूचना तथा कर दाखिला सम्बन्धी व्यबस्था

**३९.कर रकमको जानकारी दिने :** (१) आर्थिक ऐनको व्यवस्था बमोजिम करदाताले तिर्नुपर्ने कर रकम निर्धारण गरी करदाताहरुलाई सोको अग्रिम जानकारी दिने दायित्व राजस्व शाखाको हुनेछ ।

(२) करदाताहरुलाई तिर्नुपर्ने कर रकमको जानकारी दिन राजस्व शाखाले पत्राचार वा सूचना प्रविधिका अन्य माध्यमहरुलाई प्रयोगमा ल्याउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कर निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिखित समय सीमाभित्र कर दाखिला गर्नु पर्नेछ र समयभन्दा पहिले दाखिला गरेमा आर्थिक ऐन बमोजिम छुट दिनु पर्नेछ ।

**४०. कर दाखिला गर्नुपर्ने :** (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर सम्बन्धित परिच्छेदहरुमा समय उल्लेख गरिएकोमा सोही समय सीमाभित्र र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्ष भित्र राजस्व शाखा वा  नगरपालिकाकाले तोकेको स्थानमा दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कर दाखिला प्रयोजनकोलागि करदाताले अनलाईन सेवा वा बैंक मार्फत नगरपालिकाकाले तोकिदिएको बैंक खातामा कर रकम दाखिला गर्न सक्नेछ ।

**४१. कर दाखिलाको निस्सा दिनुपर्नेः** करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझिलिए पछि राजस्व शाखाले तत्काल त्यसको निस्सा दिनु पर्नेछ ।

**४२. किस्तावन्दीमा कर असूलीः** कुनै खास करदातालाई विशेष परिस्थितिमा समयमा कर तिर्न नसक्ने अवस्था सिर्जना भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुझ गर्दा कारण मनासिव देखिएमा पर्चा खडा गरी प्रमुख प्रशासकीय अधिकृतको आदेश अनुरुप बढीमा एक बर्षभित्र तीन किस्तासम्ममा कर दाखिला गर्न आदेश दिन सकिनेछ ।

**४३.कर असुली सम्बन्धी थप व्यबस्था :** (१) यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर तथा गैर कर राजस्व वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीर्कृति लिई देहायको एक वा एकभन्दा बढी तरिका अपनाई कर असूल गर्न सक्नेछ :

(क) करदातालाई फिर्ता गर्नुपर्ने भए त्यसमा कट्टी गरेर ।

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संघसंस्थाबाट करदाताले पाउने रकमबाट कट्टी गर्न लगाएर ।

(ग) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टी गर्न लगाएर ।

(घ) करदाताको कारोबार रोक्का गरेर ।

(ङ) करदाताको चल तथा अचल सम्पत्ति बैंक वित्तिय संस्था तथा मालपोत कार्यालयमा रोक्का गरेर ।

(च) करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी तोकिए बमोजिम लिलाम विक्री गरेर ।

(२) उपदफा (१) को खण्ड (च) बमोजिम लिलामको कारवाही शुरु भएपछि सो कारवाही समाप्त हुनुपूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कर तथा जरिवाना रकममा थप पाँच प्रतिशत शुल्क सहित असूल गरिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नुपर्ने कर रकमभन्दा बढी भएमा बढी भएजति रकम साठ्ठी दिनभित्र सम्बन्धित करदातालाई फिता दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

४४. **कर परीक्षण :** (१) यस ऐन वमोजिम करदाताले विबरण पेश गरेको विबरण अनुसार निर्धारण गरिएको कर रकममा सङ्का लागेमा प्रमुख प्रशासकीय अधिकृतले तोकेको एक तह माथिको कर अधिकृतले निम्न विषयहरुको परीक्षण गरी पुनः कर निर्धारण गर्न सक्नेछ :

(क) खातापाता, हरहिसाव वा अभिलेख सही भए, नभएको,

(ख) गलत वा झुठो कागजात र विवरण भए, नभएको,

(ग) कर वा शुल्क निर्धारण सहि तरिकाले भए, नभएको,

(घ) बक्यौता तथा सोमा लाग्ने जरिवानाको हरहिसाव सहि तरिकाले भए, नभएको,

(ङ) कर छुट वा मिनाहा सहि रुपमा भए, नभएको,

(च) निर्धारण गरिएको रकम दाखिला भए, नभएको ।

(२) उपदफा (१) बमोजिम पुनःकर निर्धारण भएमा कर अधिकृतले करदातालाई आधार र कारण खुलाई आफूनो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्यादभित्र आफूनो स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र स्पष्टीकरण पेश गरेकोमा सो समेतलाई आधार मानौ तथा स्पष्टीकरण पेश नगरेको अवस्थामा कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ ।

परिच्छेद - ११

करफिर्ता र समायोजन

**४५.करफिर्ता सम्वन्धी व्यबस्थाः** (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नुपर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कर फिर्ताको लागि परेको निवेदनको व्यहोरा साँचो ठरिएमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको स्वीकृती लिई निवेदन परेको एक महिनाभित्र माग बमोजिम कर फिर्ता दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कर फिर्ताको लागि खर्च तर्फ फिर्ता खर्च शीर्षकमा बजेटको व्यवस्था वा अन्य चालु खर्च शीर्षकवाट रकमान्तर गरी बजेटको व्यवस्था गर्नु पर्नेछ ।

**४६. कर समायोजन सम्वन्धी व्यवस्थाः** (१) करदाताले दफा ४५ बमोजिम फिर्ता पाउने ठहरिएको रकम दाखिला गर्नुपर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम प्राप्त हुन आएको निवेदनको व्यहोरा साँचो देखिएमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति लिई निवेदन प्राप्त भएको एक महिनाभित्र माग वमोजिम कर समायोजन गर्ने आदेश दिनु पर्नेछ ।

परिच्छेद - १२

प्रशासकीय पुनरावलोकन र पुनरावेदन

**४७.प्रशासकीय पुनरावलोकन हुन सक्ने** : यस ऐन वमोजिमका देहायको निर्णयमाथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछ, :

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय ।

(ख) यस ऐन वमोजिम लाग्ने वा लागीको कर र गैरकर राजस्व तथा अन्य दस्तुर, शुल्क, व्याज सम्बन्धी निर्णय ।

**४८. प्रशासकीय पुनरावलोकनको प्रक्रिया :** (१) यस ऐन वमोजिमको कर निर्धारणको निर्णय उपर चित्त नवुभने करदाताले सो सूचना पाएको मितिले तीस दिनभित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन माथि तिस कार्यदिन भित्र कारवाही र किनारा गर्नुपर्नेछ ।

(४) यस दफा वमोजिम प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिने व्यक्तिले विवादित वाँकी करको एक तिहाई रकम धरौटी राख्नुपर्नेछ ।

(४) उपदफा ( ३) वमोजिम राखिएको धरौटी पुनरावलोकन प्रकृया समाप्त भएपछि तिर्नुपर्ने करमा समायोजन गर्न वा तिर्न नपर्ने भएमा सम्बन्धित करदातालाई फिर्ता दिइनेछ ।

**४९.पुनरावेदन दिन सक्ने :** प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा मितिले साठ्ठी दिनभित्र चित्त नवुझ्ने पक्षले प्रचलित कानून वमोजिम पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद - १३

## समन्वय सम्बन्धी व्यवस्था

**५०.नेपाल सरकारसँग समन्वय :** (१) नगरपालिकाकाले संघीय कानून वा यस ऐन वमोजिम असुल उपर गर्नुपर्ने कर वा गैरकर राजस्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको एकद्वार प्रणाली अपनाउन नगरपालिकाका वा सोको अधिकार प्राप्त अधिकारी वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) नगरपालिकाकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैरकर राजस्वका आधार र दर वा कर प्रशासनसंग सम्बन्धित विषयमा नेपाल सरकारसँग समन्वय गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) वमोजिमको व्यवस्था अन्तरगत समन्वय गरी टुंगोमा पुरयाएका बिषयहरु यस ऐनमा परे सरह मानिने छ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सोहीअनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

**५१. प्रदेश सरसकारसँग समन्वय :** (१) नगरपालिकाकाले प्रदेश कानून वा यस ऐन वमोजिम असुल उपर गर्नुपर्ने कर वा गैरकर राजस्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन नगरपालिकाका वा सोको अधिकार प्राप्त अधिकारी वा कर अधिकृतले प्रदेश सरकार वा प्रदेश सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) नगरपालिकाकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैरकर राजस्वका आधार र दर वा कर प्रशासनसंग सम्बन्धित विषयमा प्रदेश सरकारसँग समन्वय गर्न सक्नेछ ।

(४) उपदफा ( २) र (३) बमोजिमको व्यवस्था अन्तरगत समन्वय गरिएका विषयहरु यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सोही अनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

**५२. केन्द्रीय बैंकसँग समन्वय** : नगरपालिकाकाले कर र गैरकर राजस्व संकलनका सम्बन्धमा केन्द्रीय वैंक (नेपाल राष्ट वैंक) सँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**५३.अन्य निकाय, कार्यालय र संघसंस्थासँग समन्वय** : नगरपालिकाका वा सोको अधिकारप्राप्त अधिकृतले कर तथा गैरकर राजस्वसँग सम्बन्धित विषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तरगतका सरकारी निकाय, बैंक वा संघसंस्थासँग आवश्यक समन्वय गर्न सक्नेछ ।

## परिच्छेद - १४

## आय ठेक्का सम्वन्धी व्यवस्था

**५४.आय ठेक्का सम्बन्धी व्यबस्था** : (१) नगरपालिकाकाले कर संकलन गर्ने कार्यका लागि ठेक्का वन्दोवस्त गरिने छैन ।

तर, जडिबुटी, कवाडी र जीवजन्तु कर तथा विज्ञापन कर जस्ता करहरु संकलन गर्न ठेक्का बन्दोवस्त नै गर्नुपर्ने अवस्थामा कार्यपालिकाको निर्णय गराई ठेक्का बन्दोवस्त गर्न सकिनेछ ।

(२) यस ऐन वमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर र विक्रीको लागि कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्न सक्नेछ । तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोवस्त गर्दा प्रशासनिक दायित्व वढ्न जाने अवस्थामा कार्यपालिकाले निर्णय गरी बढीमा तीन वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोवस्त गर्न यस व्यवस्थाले वाधा परेको मानिने छैन ।

(३) यस दफा वमोजिमको आय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयवाट स्थायी लेखा नम्वर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(४) नगरपालिकाकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै आय ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

**५५.पट्टा दिने र कबुलियत गराउने :** (१) दफा ५४ को ४ वमोजिम आन्तरिक आय उठाउने ठेक्का आय ठेक्काको संझौता भईसकेपछि ठेक्काका सर्त सहित अवधि खोली पट्टा वा चलन पूर्जी दिनुपर्नेछ ।

(२) ठेक्का संझौतामा ठेक्का तोडन सकिने अवस्था तथा सो अवधिसम्मको हरहिसाव गर्ने व्यवस्था उल्लेख गर्नु पर्दछ र ठेक्काको रकम एकमुष्ट बुझाएमा १०% छुट हुनेछ ।

३) ठेक्का संझोता गर्दा ठेकदारसंग तोकिए वमोजिमको धरौटी लिनु पर्दछ ।

**५६.ठेक्का तोड्ने :** (१) ठेकदारले संझौता तथा पट्टा कवुलियतको कुनै शर्त वर्खिलाप हुने गरी काम गरेको अवस्थामा बाहेक ठेक्काको अवधि भुक्तान नहुँदै वीचैमा कुनै ठेक्का तोडन वा छोड्न हुँदैन ।

(२) ठेकदारले संझौता वमोजिम रकम दाखिला नगरेमा वा पट्टा कुलियतको वर्खिलाप हुने गरी काम गरेको पाईएमा एक महिनाको अग्रिम सूचना दिई नगरपालिकाकाले ठेक्का तोड्न सक्नेछ ।

(३) कुनै ठेकेदारले नगरपालिकाकाले तोकेको दरभन्दा वढी दरमा आय असुल गरेमा वा सम्झौतामा उल्लेख नभएका वस्तु वा सेवामा कर, सेवा शुल्क वा दस्तुर असुल गरेको भनि प्रमाण सहित नगरपालिकाकामा उजुरी दिएमा छानविन गरी वढी असुल पाईएमा त्यस्तो रकम सम्बन्धित व्यक्तिलाई दुई दिनभित्र धरौटी रकमबाट फिर्ता दिई ठेकदारलाई जानकारी दिनु पर्नेछ ।

(४) उपदफा (४) नगरपालिकाकाले उजुरी कर्तालाई फिर्ता दिएको रकम तथा संझौता वमोजिमको जरीवाना रकम सात दिन भित्र सम्बन्धित ठेकदारले नगरपालिकाकामा फिर्ता दाखिला गर्नु पर्दछ ।

**५७.आय आर्जन परियोजनमा सार्वजनिक निजी साझेदारी :** (१) नगरपालिकाकाले निजी क्षेत्रको समेत पूँजीगत लगानी भई दुवै पक्षले नाफा कमाउने तथा जोखिम बेहोर्ने गरी सार्वजनिक निजी क्षेत्र साझऐदारीवाट सेवा प्रदान गर्न सक्नेछ ।

(२) सार्वजनिक निजी साभेदारी व्यवस्था अन्तर्गत दीर्घकालिन सम्पत्ति सिर्जना नगर्ने गरी गरिने व्यवस्थापन करारको अवधि तीन वर्षदेखि सात वर्ष र दीर्घकालिन सम्पत्ति सिर्जना गरी गरिने निर्माण सञ्चालन हस्तान्तरण करारको अवधि विस वर्ष भन्दा वढी हुनेछैन ।

(३) नगरपालिकाकाले सार्वजनिक निजी साझेदारीमा कार्य गराउँदा इच्छुक सवैले प्रतिस्पर्धा गर्न सक्ने गरी प्रकृया अवलम्वन गर्नु पर्दछ ।

४) सार्वजनिक निजी साझेदारी संझौता वमोजिम निर्माण हुने सम्पत्तिको स्वामित्व करार अवधि समाप्त भएपछि नगरपालिकाकाको हुनेछ ।

**५८.सम्पत्ति भाडामा दिने :** (१) नगरपालिकाकाले आफनो स्वामित्वमा रहेको सम्पत्ति वहाल वा भाडामा लगाई आय आर्जन गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको सम्पत्ति छ महिना भन्दा वढी अवधिकोलागि वहाल वा भाडामा दिँदा प्रतिस्पर्धाको माध्यमवाट गरी संझौता गरी वहाल वा भाडामा दिनु पर्दछ ।

(३) वहाल वा भाडा सम्झौता गर्दा तोकिए वमोजिमको धरौटी तथा भाडा वृद्धिको व्यवस्था गर्नु पर्दछ ।

**५९.अन्य कानून बमोजिम हुने :** आय ठेक्का वन्दीवस्तका लागि आवश्यक वोलपत्र आव्हान, दरभाउपत्र तथा डाँक वढावढ, पटटा कवुलियत, धरौटी, किस्ता र ठेक्का तोडने जस्ता कार्यविधिहरु नगरपालिकाकाले स्वीकृत गरेको कानून वा प्रचालत अन्य कानून वमोजिम हुनेछ ।

परिच्छेद - १५

विविध

**६०.प्रगतिशील कर प्रणाली अवलम्बन गरिने :** नगरपालिकाकाले यस ऐन वमोजिम लगाउने करको दर निर्धारण गर्दा गरिव तथा विपन्न वर्गलाई कम चोक पर्ने गरीप्रगातिशील कर प्रणाली अवलम्वन गर्नुपर्नेछ ।

**६१.विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकाकाले विद्युतिय माध्यम (अनलाइन) वाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु वुझाउनु पर्ने रकम दाखीला गर्ने एवम्कर बा त्यस्तो रकम वुझाएको रसिद दिने लगायतका कर तथा गैरकर राजस्व सम्वन्धी काम कारवाही गर्न सकिने व्यवस्था मिलाउन सक्नेछ ।

**६२.कागजातको ढाँचा :** यो ऐन र यस ऐन अन्तरगत वनेको नियमावली वा कार्यविधि वा निर्देशिकामा उल्लेख नभएको वा नततौकिएको कुनै विवरण, ढाँचा, तरिका बा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपयुक्त देखिएमा कार्यपालिकाले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**६३.सूचना तामेली रीत पुगेको मानिने :** (१) यस ऐन वमोजिम दिर्नुपर्ने म्याद, सुचना वा कागजात देहाय वमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई वुझाएको वा दिइएको मानिनेछ :

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,

(ख) निजको परिवारको उमेरपूगेको सदस्यलाई वुझाएको,

(ग) निजको कानून व्यवसायी वा लेखापाललाई वुझाएको,

(घ) नावालिराको हकमा संरक्षक वा माथवर व्यक्तिलाई वुझाएको,

(ङ) कार्यालय, संघसंस्था वा निकायको हकमा प्रवन्धक वा प्रशासकीय प्रमुख वा सो कार्यका लागि तोकिएको कर्मचारीलाई वृझाएको ।

(च) करदाताको ठेगानामा हुलाकबाट राजिष्ट्री गरी पठाएको वा विद्युतीय माध्यमत्राट सम्वन्धित पक्षको विद्युतीय ठेगानामा पठाएको ।

(२) कर एकाईको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्यूटर प्रविधिवाट इनस्क्रीप्ट वा इनकोड गरिएको वा छाप लगाइ तामेली गरिएको बा दिइएको कागजातलाई रीतपूर्वकको कागजात मानिनेछ, ।

**६४. विभागीय कारवाही हुने :** (१) कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनुपर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानी नोक्सानी पुरयाउने, करको दायित्व घटीवढी गर्ने, समान अवस्थामा करदातावीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुरयाउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पूर्ती गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानून वमोजिम गर्नुपर्ने काम समयमा नगरी दुख वा हैरानी दिएमा सम्वन्धित व्यक्तिले प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम उजुरी परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानविन गरी सम्बन्धित कर्मचारीको सेवा सम्वन्धी कानून वर्मोजिम आफूलाई कारवाही गर्ने अधिकार भएको विषयमा आफैले विभागीय कारबाही गर्ने र कारवाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारवाहीको लागि अधिकारप्राप्त अधिकारी समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) वमोजिम र कारवाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्ती कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्वन्धी कानून वमोजिम निलम्वन गर्न सक्नेछ ।

(४) उपदफा (२) वमोजिम छानविन गर्ने अवधीभर सो कर्मचारीलाई कर अधिकृतको जिम्मेवारीबाट अलग राखिने छ ।

(५) यस दफा वमोजिमको छानविन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने अवधी निजको सेवा सम्वन्धी कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा वाहेक तीन महिनाभन्दा वढी हुने छैन ।

**६५. पुरष्कृत गर्न सक्ने :** (१) नगरपालिकाकाले मापदण्ड निर्धारण गरी करदातालाई

उत्कृष्ठ करदाताको रुपमा प्रत्येक वर्ष पुरष्कृत गर्ने व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम दिइने पुरस्कारको स्वरुप, परिमाण वा सो सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

(३) कुनै करदाताले यस ऐन वमोजिम नगरपालिकाकालाई तिर्नु वुझाउनु पर्ने कर तथा गैर कर राजस्व रकम तिनुपर्ने रकमभन्दा कम बुझाएको वा राजस्व चुहावट गरेको सूचना दिएको आधारमा नगरपालिकाकालाई थप राजस्व प्राप्त हुन आएमा त्यसरी थप हुन आएको राजस्वको पन्त्र प्रतिशत रकम सुचना दिने व्यक्तिलाई नगद पुरस्कार दिन सकिनेछ ।

**६६. सूचना सार्वजनिक गर्नुपर्ने** : (१) यस ऐन वमोजिम नगरपालिकाकाले लगाएको कर र गैरकर राजस्वका दर र त्यसमा भएको हेरफेर सम्वन्धी सुचना सर्वसाधारणको जानकारीका लागि स्थानीय राजपत्र तथा अन्य उपयुक्त माध्यमवाट समेत सार्वर्जानक गर्नुपर्नेछ ।

(२) नगरपालिकाकाले उपदफा (१) वमोजिमका कर, राजस्वका दर र त्यसमा भएको हेरफेर समेतलाई आफनो वेवसाइटमा समेत राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) नगरपालिकाकाले कर र गेरकर राजस्वका दर र सोमा भएको हेरफेर सम्वन्धी विवरण नेपाल सरकारका सम्वद्ध निकायहरुमा समेत उपलब्ध गराउनु पर्नेछ ।

**६७. नियमावली, निर्देशिका वा कार्यविधि बनाउने अधिकार** : यस ऐन वमोजिमको काम प्रभावकारी रूपमा सम्पादन गर्न कार्यपालिकाले आवश्यक नियमावली वा निर्देशिका वा कार्यविधि स्वीकृत गरी लागू गर्न सक्नेछ ।

**६८. वाधा अड्काउ फुकाउने अधिकार** : (१) यस ऐनको कार्यान्वयनको सिर्लासलामा कुनै वाधा अड्काउ परेमा त्यस्तो वाधाअड्काउ फुकाउन कार्यपालिकाले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले जारी गरेको आदेश यसै ऐनमा उल्लेख भए सरह मानिनेछ ।

(२) उपदफा (१) बमोजिम आदेश जारी गर्ने अधिकारको प्रयोग गर्दा यस ऐनमा उल्लिखित मुलभूत कुरालाई असर नपर्ने गरी मात्र गर्न सकिनेछ ।

आज्ञाले
ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत